# अन्तरिम अधिकार संरचना

# (Transitional Authority Framework)

प्रस्तुतकर्ताहरू: जेन-जीको आवाज

मिति: २५ भदौ, २०८२

## प्रस्तावना

हामी, नेपालका जेन-जी पुस्ता, भदौ २३, २०८२ का दिन दशकौँ देखिको असहय भ्रष्टचार व्याप्त शासन प्रणालीको अन्यत्यको माग गर्दै समय रुपमा भ्रष्टचार अन्त्य गर्ने प्रतिबद्धताको साथ आन्दोलनमा उत्रिएका थियौँ।हाम्रो यो आन्दोलन विनाशका लागि होइन, जवाफदेहीता, पारदर्शिता र न्यायका लागि हो।

हामी यस आन्दोलनसँगै भएका आगजनी, तोडफोड, लुटपाट र हिंसात्मक गतिविधिहरूको कडा रुपमा निन्दा गर्दछौं। यस्ता कार्यमा संलग्न व्यक्तिहरूले हाम्रो र हाम्रो पुस्ताको प्रतिनिधित्व गर्दैनन्। उनीहरूले हाम्रो आन्दोलनको गरिमामाथि पहार गरेका छन् र उनीहरूलाई कानुनसम्मत पहिचान गरी न्यायको कठघरामा उभ्याई पारदर्शिता एवम् जवाफदेहिता कायम गर्नुपर्छ।

हाम्रो पुस्ता नयाँ नेपालको पक्षमा छः जुन इमान्दारिता, निष्पक्षता र लोकतान्त्रिक जवाफदेहीतामा आधारित हुनेछ। हामी अराजकता होइन, परिवर्तनको माग गर्ने उठेका हौं।

## अन्तरिम संयन्त्र

राष्ट्रपतिको औपचारिक नेतृत्वमा एक संयुक्त नागरिक-सैनिक सङ्कट व्यवस्थापन परिषद् नामको संक्रमणकालिन आधिकारिक अन्तरिम निकाय गठन गरि पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको कार्यकारी अध्यक्षता र र न्यायाधीश आनन्दमोहन भट्टराई को सहभागीतामा गठन हुने अन्तरिम सरकार बनाउन हाम्रो अविनिमेय माग छ।

यस संयन्त्रमा नेपाली सेनाको भूमिका सुरक्षा, स्थायित्व र निष्पक्ष निरीक्षणमा मात्र सीमित हुनेछ। अन्तरिम सरकारको मुख्य लक्ष्य नयाँ चुनाव गराउनु हो, न कि लामो समयसम्म शासन गर्नु भन्ने हाम्रो स्पष्ट बुझाइ छ।

## आधारभूत शर्तहरू (अविनिमेय)

- तोकिएको समय (६–१२ महिना) भित्र लोकतान्त्रिक चुनाव मार्फत नागरिक शासनमा फर्कने।
- नीति निर्माण र नागरिक शासनमाथि सेनाको स्थायी नियन्त्रण नहुने।
- भ्रष्टाचार, हिंसा र शक्तिको दुरुपयोग गर्नेहरूलाई जवाफदेही बनाइने।

---

## नियन्त्रण र सुनिश्चितताका उपायहरू

### १.१ संयुक्त नागरिक-सैनिक सङ्कट व्यवस्थापन परिषद्

संक्रमणकालमा कुनै पनि संस्था एकमाथि अर्को हावी नहुन र अन्तर्द्वन्दको अवस्था सिर्जना हुन नदिन, संयुक्त नागरिक-सैनिक सङ्कट व्यवस्थापन परिषदको स्थापना गर्नु पर्नेछ। यस परिषदले सेनाका वरिष्ठ अधिकारीहरू र अन्तरिम सरकारका प्रमुखलाई एकै ठाउँमा ल्याई स्थायित्व र सुशासनका लागि सन्तुलित र वैधानिक निर्णय लिने सुनिश्चित गर्नेछ। शान्ति र व्यवस्था कायम

राखे, सार्वजनिक सम्पत्तिको रक्षा गर्ने, तत्काल मानवीय सहायता प्रदान गर्ने र स्वतन्त्र तथा निष्पक्ष चुनावको लागि वातावरण तयार गर्ने यस परिषदको मुख्य जिम्मेवारी र दायित्व हुनेछ।

### १.२ चुनावका लागि अन्तर्राष्ट्रिय पर्यवेक्षक

चुनावको निष्पक्षता र विश्वसनीयता सुनिश्चित गर्न, संयुक्त राष्ट्र संघ, सार्क वा युरोपेली संघजस्ता विश्वसनीय अन्तर्राष्ट्रिय संस्थाहरूलाई औपचारिक रूपमा पर्यवेक्षकको रूपमा आमन्त्रण गरियोस। उनीहरूको भूमिका मतदाता दर्ता, चुनाव प्रचार, मतदान र मत गणनासहित सम्पूर्ण निर्वाचन प्रक्रियामा सिमित हुनेछ। यसबाट चुनाव पारदर्शी, निष्पक्ष र जनताले स्वीकार्य मान्न सक्ने स्थयको हुनेछ। स्वतन्त्र पर्यवेक्षकहरूको उपस्थिति एउटा सुरक्षा कवचको भूमिका खेली, एसले लोकतन्त्रमा फर्किने बाटो निश्चय गर्नेछ।

### १.२.१ विशेष तदर्थ न्यायाधिकरण *(Ad hoc Tribunal)*

चुनाव हुनुअघि भ्रष्टाचार, शक्तिको दुरुपयोग गरेका र आन्दोलनमा तोडफोड र आगजनीका घटनाहरूलाई सम्बोधन गर्न एक विशेष तदर्थ न्यायाधिकरणको गठन गरिनेछ। यस न्यायाधिकरणको सक्रिय अनुसन्धानमा रहेका कुनै पनि व्यक्तिलाई आरोपबाट मुक्त नभएसम्म चुनावमा सहभागी हुन सक्नेछैनन्। यस व्यवस्थाले लोकतान्त्रिक प्रक्रियालाई गम्भीर अभियोग लागेका व्यक्तिहरूबाट दूषित हुन दिने छैन र नयाँ नेतृत्वले इमान्दारिता, जवाफदेहीता र जनताको विश्वास आर्जन गर्नु पर्नेछ।

### १.३ जनतासँग पारदर्शी सञ्चार

अनिश्चितताको समयमा स्पष्ट र इमान्दार सञ्चारले स्थायित्व र जवाफदेहीता सुनिश्चित गर्दछ। जनताको विश्वास कायम राख्न र अस्थिरता फैलाउन सक्ने झुटा हल्लाहरूलाई रोक्न, अन्तरिम सरकारले संक्रमणकालको हरेक चरणमा जनतासँग खुला र पारदर्शी सञ्चार गर्नु पर्नेछ। नियमित पत्रकार सम्मेलन, सरकारी सूचना र सार्वजनिक प्रतिवेदनमार्फत मुख्य निर्णय, सोच प्रकृया र कालक्रमको बारेमा स्पष्ट जानकारी दिन सकिन्छ। नागरिकहरूको प्रतिक्रियाका लागि हटलाइन र स्थानीयस्तरमा परामर्श जस्ता संयन्त्रहरू पनि उचित भएकाले सकदो स्थापना गर्नु पर्नेछ।

### १.४ कानुनी र संवैधानिक आधार

अधिकारको दुरुपयोग हुन नदिन प्रत्येक संक्रमणकालीन कदमलाई कानुनी र संवैधानिक प्रावधानमा आधारित गराइनुपर्छ। अन्तरिम सरकारका कार्यहरूलाई कानुनी वैधता प्रदान गर्ने विशेष अध्यादेश र आदेशहरू जारी गरिनेछ। यसमा संविधानको धारा १५२ अन्तर्गत अस्थायी न्यायाधिकरणहरूको स्थापना पनि समावेश छ। हरेक असाधारण कदममा समय सीमा र निश्चित अवधिसहितको प्रावधान राखिनेछ, ताकि कुनै पनि शक्ति स्थायित्व र संक्रमणका लागि आवश्यकभन्दा बढी प्रयोग नहोस्। यस प्रक्रियालाई कानुनी आधार दिँदा, अन्तरिम सरकार स्वेच्छाचारीताको आरोपबाट जोगिनेछ र पूर्ण नागरिक शासनमा सुरक्षित तथा व्यवस्थित रूपमा फर्किने सुनिश्चित हुनेछ।

---

### तदर्थ न्यायाधिकरण (Ad-hoc Tribunal)

सार्वजनिक जवाफदेहीता कायम राख्न र संस्थागत इमान्दारिता पुनर्स्थापित गर्न तत्काल दुई वटा तदर्थ न्यायाधिकरणको गठन गर्नु पर्नेछ। यी न्यायाधिकरणहरू राष्ट्रिय चुनाव हुनुअघि नै गठन भई

सञ्चालनमा आउनुपर्छ, ताकि अनुसन्धानमा रहेका व्यक्तिहरूलाई जवाफदेही बनाइयोस् र उनीहरूले लोकतान्त्रिक संक्रमणलाई कमजोर पार्न नसकुन्।

१.१ भ्रष्टाचार र शक्तिको दुरुपयोगका लागि तदर्थ न्यायाधिकरण

यस तदर्थ न्यायाधिकरणले सार्वजनिक पदको दुरुपयोग, राज्यको स्रोतसाधन हिनामिना वा न्यायमा बाधा पुऱ्याएको आरोप लागेका राजनीतिक, प्रशासनिक र कर्मचारीतन्त्रका व्यक्तिहरूमाथि लागेका आरोपहरूको छानबिन गर्नेछ।

१.२ स्वतन्त्र छानबिन निकायको गठन

एक स्वतन्त्र छानबिन निकाय गठन गरी त्यस अन्तर्गत भ्रष्टाचार, शक्तिको दुरुपयोग र सार्वजनिक स्रोतसाधनको दुरुपयोगको आरोपहरूको छानबिन गर्ने एक छुट्टै, निष्पक्ष र स्वतन्त्र छानबिन निकायको गठन गरिनेछ।

२.१ भदौ २३-२४, २०८२ का घटनाहरूको लागि राज्य र नागरिक हिंसाको जवाफदेहीतासम्बन्धी तदर्थ न्यायाधिकरण

यस तदर्थ न्यायाधिकरणले भदौ २३-२४, २०८२ का घटनाहरूको जवाफदेहीतासम्बन्धी मामिलाहरूको छानबिन गर्नेछ।

(क) यो तदर्थ न्यायाधिकरण विशेष गरी भदौ २३ र २४, २०८२ का घटनाहरूलाई सम्बोधन गर्न, सार्वजनिक प्रदर्शनका क्रममा प्रहरीले प्रयोग गरेको बलको विषयमा न्यायिक निर्णय दिन गठन गरिनेछ। यस न्यायाधिकरणले घातक र गैर-घातक उपायहरू, जसमा गोली चलाइएको घटना पनि समावेश छ। अनुसन्धान गरी त्यस्ता कार्यहरूको वैधानिकता, अनुपात र कमाण्ड रेस्पोन्सिबिलिटी निर्धारण गर्नेछ। यसले बल प्रयोगको आदेश दिने अधिकारीहरूको पहिचान गर्ने, संवैधानिक अधिकार र प्रहरी प्रोटोकलहरूको उल्लङ्घनको मूल्याङ्कन गर्ने, र शक्तिको दुरुपयोग गरेको पाइएका कुनै पनि सरकारी कर्मचारीलाई जवाफदेही बनाउने सुनिश्चित गर्नेछ।

(ख) यसका साथै, न्यायाधिकरणले भदौ २४, २०८२ मा भएका सार्वजनिक तोडफोड, लुटपाट र भीडको हिंसाका घटनाहरू, जसमा अदालतका भवनहरू, प्रशासनिक कार्यालयहरू र डिजिटल पूर्वाधारको विनाश समावेश छ, सम्बन्धी मुद्दाहरूको पनि छानबिन गर्नेछ। यसले त्यस्ता कार्यमा संलग्न व्यक्ति र समूहको पहिचान र मनसायको जाँच गर्नेछ, जसमा सम्भावित घुसपैठिया वा उक्साउनेहरू पनि समावेश छन्, र नियोजित वा अवसरवादी हिंसाको हद निर्धारण गर्नेछ।

२.२ स्वतन्त्र छानबिन निकायको गठन

भदौ २३ र २४, २०८२ का घटनाहरूलाई सम्बोधन गर्न, विशेष गरी प्रहरीद्वारा बल प्रयोग र सार्वजनिक तोडफोड, लुटपाट तथा भीड हिंसाका घटनाहरूको छानबिन गर्न एउटा छुट्टै, निष्पक्ष र स्वतन्त्र छानबिन निकायको स्थापना गरिनेछ।

---

तत्कालिन प्राथमिकताहरू

स्थायित्व

- अस्पताल, विद्यालय र महत्वपूर्ण पूर्वाधारहरूको सुरक्षा गर्ने।

- सार्वजनिक सम्पत्तिको रक्षा गर्ने; थप विनाश हुन नदिने।
- प्रहरी/सशस्त्र प्रहरी स्टेशनबाट चोरी भएका हतियारहरू फिर्ता गर्ने सुरक्षित माध्यमसहितको कार्यक्रम चलाउने।

मानवीय उपायहरू

- जीवन वा धनसम्पत्तिमा क्षति पुगेका परिवारहरूका लागि तत्काल आवश्यक सहायता अभियान चलाई क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ।
- नागरिक समाजले चन्दा संकलन अभियान चलाएमा त्यसको वितरणका लागि सेनासँग समन्वय पछि मात्र हुनेछ।

कानुन र व्यवस्था

- अहिले सेनाको सुरक्षामा रहेका राजनीतिज्ञहरूलाई जवाफदेहीताबाट बच्न वा देश छोड्न अनुमति दिइने छैन। उनीहरूमाथि लागेका भ्रष्टाचारको आरोपमा पूर्ण र निष्पक्ष छानबिन गरिनेछ र त्यसपछि कानुनी प्रक्रिया तथा उचित न्यायिक सिद्धान्त अनुसार यस उद्देश्यका लागि गठन गरिएको तदर्थ न्यायाधिकरणमा मुद्दा चलाइनेछ।
- सार्वजनिक सुरक्षामा जोखिम पुऱ्याउने र सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने व्यक्तिहरू लगायत सो कार्यमा संलग्न घुसपैठिया र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न सम्पूर्ण उपर विस्तृत छानबिन सुरु गर्नु पर्नेछ। दोषीहरूलाई पहिचान गरी उनीहरूलाई कानुन बमोजिम पूर्ण रूपमा जवाफदेही बनाई न्यायको दायराभित्र ल्याउनुपर्दछ।
- नागरिक र सुरक्षाकर्मीहरू बीच सहकार्य पुनर्स्थापना गर्नका निम्ति प्रभावकारी विश्वास निर्माण पहलकदमी लिइने।
- कारागार, प्रहरी हिरासत तथा न्यायिक हिरासतबाट फरार व्यक्तिहरूलाई कानुनसम्मत प्रक्रिया मार्फत आह्वान गरी हिरासतमा पुन: स्थापित गरिनु पर्छ।आह्वान पश्चात स्वत: नफर्कने कैदी वा बन्दीहरूलाई कानुनसम्वत् रूपमा गिरफ्तार गरी फिर्ता ल्याउनु पर्नेछ।
- कारागार, प्रहरी हिरासत तथा न्यायिक हिरासतबाट फरार वा सुरक्षाको असक्षमताद्वारा फुक्वा भई हाल हिरासतमा नरहेका जस्तै रवि लामिछाने लगायत आरोप लागेका अन्य व्यक्तिहरूका लागि पक्राउ संयन्त्र स्थापित गरी राज्यमा न्यायको शासनको पुनर्स्थापित गर्नु पर्नेछ।
- भागेका र फरार भएका व्यक्तिहरूलाई नागरिक समाजमा अहिलेको गम्भीर परिस्थितिमा पुन:समावेश हुनबाट रोकी कानूनसम्वत संयन्त्रमार्फत आह्वानस्वरुप पुन: कारागारमा फिर्ता राख्ने उपायहरू अपनाउनुपर्नेछ।
- आगजनी, लुटपाट र तोडफोडका लागि जिम्मेवार व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई हिरासतमा लिई पारदर्शी न्याय प्रणाली मार्फत न्यायको कठघरामा उभ्याइनुपर्नेछ।
- खासगरी न्यायिक संस्थाहरू र प्रशासनिक कार्यालयहरूमा भएको तोडफोडका क्रममा क्षतिग्रस्त वा नष्ट भएका अनलाइन डाटाबेस र डिजिटल कागजातहरू पुन: प्राप्त गर्ने र पुनर्स्थापित गर्ने सबै आवश्यक उपायहरू अपनाउनुपर्नेछ। महत्वपूर्ण अभिलेखहरूलाई सुरक्षित गर्ने, संस्थागत निरन्तरता सुनिश्चित गर्ने र न्याय तथा सुशासनमा जनताको पहुँच कायम राख्न तत्काल कारबाही गर्नु पर्दछ।

समयरेखा र बहिर्गमन रणनीति

- चरण १: तत्काल स्थायित्व (सेना + नागरिकले शान्ति र व्यवस्था सुनिश्चित गर्ने)।

- चरण २: जवाफदेहीताको प्रक्रिया चलिरहेको बेला संक्रमणकालीन अन्तरिम सरकार सञ्चालन गर्ने।
- चरण ३: चुनाव गराउने र पूर्ण नागरिक शासन पुनर्स्थापित गर्ने।

नागरिक शासन पुनर्स्थापित भएपछि सेना राजनैतिक कार्यक्षेत्र पछि हटी निर्वाचित सरकारलाई शासकीय निर्विरोध फिर्ता गर्नुपर्ने लिखित ग्यारेन्टी दिनुपर्नेछ।